नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
(नीति, योजना तथा अनुगमन महाशाखा)

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

रामशाहपथ,
काठमाडौं, नेपाल ।

प्राप्त पत्र संख्या :-
पत्र संख्या :-
चलानी नं. :- ३३

मिति : २०७७/४/१२

**विषय :-** परिपत्र ।

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र अन्तर्गतका निकाय (सबै) ।

श्री सामाजिक विकास मन्त्रालय (सबै) ।

श्री स्थानीय तह (सबै) ।

प्रस्तुत विषयमा नेपाल सरकारको आ.व. २०७७/७८ को बार्षिक बजेट कार्यक्रमको बुँदा नं. ३४ मा "एक चिकित्सक-एक स्वास्थ्य संस्थाको व्यवस्था शुरु गरिनेछ" भनि उल्लेख छ । त्यसैगरी राष्ट्रिय स्वास्थ्य नीति २०७६ को नीति नं. ८ को रणनीति ६.८.३ मा "सरकारी स्वास्थ्य संस्थाहरूमा कार्यरत चिकित्सक र स्वास्थ्यकर्मी एक मात्र स्वास्थ्य संस्थामा रहने 'एक चिकित्सक र स्वास्थ्यकर्मी - एक स्वास्थ्य संस्था' को अवधारणालाई सबै सरकारी स्वास्थ्य संस्थाहरूमा क्रमशः लागू गरिनेछ" भन्ने व्यवस्था भएबमोजिम संस्था प्रमुखको निरन्तर निगरानीमा संस्थाहरूको कार्य सम्पादनमा व्यापक सुधार हुने देखि देहाय अनुसारको कार्य गर्न/गराउन हुन नेपाल सरकार (मा.मन्त्रीस्तर) को मिति २०७७/४/९ को निर्णयानुसार अनुरोध छ।

१. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र अन्तर्गतका निकायहरू (विभाग, केन्द्र, महाशाखा, परिषद, प्रतिष्ठान) तथा संघ, प्रदेश र स्थानीय तहमा संचालनमा रहेका अस्पताल तथा स्वास्थ्य संस्थाहरूमा समेत संस्थाको प्रमुख र कार्यकारी प्रमुखको जिम्मेवारीमा रहेका सबैले निजि प्राक्टिस नगर्ने र यदि यस भन्दा अगाडी निजि प्राक्टिस गर्न पूर्व स्वीकृति लिएको भए सो स्वीकृति स्वतः खारेज हुनेछ।
२. सरकारी अस्पतालमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीहरुले आफू कार्यरत सरकारी संस्थाको नाम निजि क्लिनिक तथा अस्पतालहरूमा लेख्न पाईने छैन।

(डा. गुण राज लोहनी)
महाशाखा प्रमुख

नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(नीति, योजना तथा अनुगमन महा............शाखा)

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

रामशाहपथ,
काठमाडौँ, नेपाल ।

प्राप्त पत्र संख्या :-
पत्र संख्या :-
चलानी नं. :- ३२

मिति : २०७७/४/१२

**विषय :-** परिपत्र ।

श्री संघिय अस्पताल (सबै) ।

श्री स्वास्थ्य बिज्ञान प्रतिष्ठान (सबै) ।

श्री सामाजिक विकास मन्त्रालय (सबै) ।

श्री स्थानीय तह (सबै) ।

प्रस्तुत विषयमा केही सरकारी तथा सरकारबाट अनुदान लिने स्वास्थ्य संस्थाहरूले नेपाल सरकारको कार्यक्रमहरु (जस्तैः आमा सुरक्षा कार्यक्रम) लागू नगरेको स्थिति भएको हुँदा सबै सरकारी तथा सरकारबाट अनुदान लिने स्वास्थ्य संस्थाहरूले सरकारी कार्यक्रमहरू अनिवार्य रूपमा लागू गर्न/गराउन हुन नेपाल सरकार (मा.मन्त्रीस्तर) को मिति २०७७/४/९ को निर्णयानुसार अनुरोध छ ।

(डा. गुण राज लोहनी)
महाशाखा प्रमुख